# कार्यालय प्रमुखको दायित्व



आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउने

आफ्नो कार्यालयमा रहेको कुनै विषयको सूचना गलत छ भनी सो सूचना सच्याउनका लागि परेको निवेदन स्वीकार गरेर आवश्यक जाँचबुझ गरी ७ दिनभित्रमा त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिने





सूचना अधिकारीले पूर्ण वा आंशिक रूपमा सूचना उपलब्ध नगराएको हुँदा निवेदकले सूचना पाएको मितिले ७ दिनभित्र दिएको उजुरी स्वीकार गरी आवश्यक जाँचबुझ गर्ने

उजुरी जाँचबुझ गर्दा सूचना अधिकारीले सूचना नदिएको देखिएमा उजुरी टुंगो लागेको मितिले बढीमा सात दिनको म्याद दिई निवेदकद्वारा माग भए बमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिने





उजुरी जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा सोही व्यहोराको निर्णय गरी सोको कारण सहितको जानकारी निवेदकलाई दिने

सूचना अधिकारीले जानी- जानी वा बदनीयतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको देखिएमा सो सूचना अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्ने

